हिमालयन रि
HIMALAYAN RE

मिति : २०८०/१२/०६

पत्र संख्या ६८४ (०८०/८१) च.नं. ६८४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार, काठमाडौं ।

**विषय:** तेश्रो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०८० साल फागुन २० गते सम्पन्न यस कम्पनीको तेश्रो वार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) यसै साथ संलग्न गरी पठाएको व्यहोरा अनुरोध गर्दछौं ।

दीपक कुमार श्रेष्ठ
कम्पनी सचिव

Himalayan Reinsurance Limited

**HIMALAYAN REINSURANCE LIMITED**
1st Floor, Lalita Bhawan, Opposite President's House, Maharajgunj, Kathmandu, Nepal
+977 1 4003132 / 4003133 / 4443432 contactus@himalayanre.com www.himalayanre.com

# हिमालयन रिइन्स्योरेन्स लिमिटेडको
# २०८० साल फागुन २० गते आइतबार सम्पन्न
# तेश्रो वार्षिक साधारण सभाको विवरण

## १. सभाको वैधानिकता

हिमालयन रिइन्स्योरेन्स लिमिटेडको तेश्रो वार्षिक साधारण सभा कम्पनीका संचालक समितिका अध्यक्ष श्री शेखर गोल्छाज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय र स्थानमा सुसम्पन्न भयो । सो सभाको सूचना, सभाको विषयसूची, उपस्थिति, गणपुरक संख्या, सभाको वैधानिकता, सभाको सभापतित्व, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागिता, छलफलको क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सुझावहरु र सभाको निर्णयहरु समेतको काम कारवाहीको विवरण (माइन्यूट) कम्पनी ऐन, २०६३ को दफा ७५ बमोजिम देहाय अनुसार रहेको छ ।

## २. सभाको मिति, समय र स्थान

मिति : २०८० साल फागुन २० गते आइतवार तदनुसार ३ मार्च, २०२४ ।
समय : बिहान ११:०० बजे ।
स्थान : राष्ट्रिय सभा गृह, प्रदर्शनी मार्ग, काठमाडौं ।

## ३. सभाको सूचना प्रकाशन

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको तेश्रो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय तथा छलफल गर्ने प्रस्तावहरु शेयरधनी महानुभावहरुको जानकारीको लागि सभा सम्बन्धी सूचना प्रथम र दोश्रो पटक क्रमश: मिति २०८०/१०/२८ गते तथा मिति २०८०/११/०२ गते कारोबार राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो ।

## ४. सभामा पेश भएको छलफलका प्रस्तावहरुको सूची :

### क. सामान्य प्रस्ताव

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ. व. २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. आ. व. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वासलात, सोही अवधिको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ. व. २०८०/०८१ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने ।

४. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्बको ०.२१ (निकटतम २ अंक) प्रतिशतका दरले हुन आउने रु. २,१०,५२,६३१/५८ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनकालागि) वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

५. सञ्चालक समितिमा संस्थापक समूहका शेयरधनीतर्फको रिक्त रहेको संचालक पदसंख्या १ (एक) मा बाँकी कार्यकालको लागि तथा सर्वसाधारण शेयरधनी समूह मध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकको निर्वाचन गर्ने ।

**ख. विषेश प्रस्ताव**

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्बको ४ (चार) प्रतिशतका दरले हुन आउने रु. ४०,००,००,०००/०० बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

२. बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजी रु. १० अर्ब ४० करोडको १०:८ अर्थात १० शेयर बराबर ८ शेयरको अनुपातमा रु. ८ अर्ब ३२ करोड बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

३. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रको सम्बन्धित दफाहरु संशोधन गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

४. प्रवन्धपत्र तथा नियमावलीमा संशोधन तथा थप गर्ने प्रस्ताव स्वीकृत गर्ने ।

५. कम्पनीबाट आर्थिक वर्ष २०७९/०८० मा सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरिएको चन्दा तथा विभिन्न खर्च रकमको अनुमोदन गर्ने ।

६. प्रवन्धपत्र तथा नियमावलीमा गरिएको थप तथा संशोधन र सो को अभिलेख गराउने सम्बन्धमा नियमनकारी निकायबाट कुनै फेरबदल वा परिमार्जन वा सुधारको लागि निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्ने गराउने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रत्यायोजन गर्ने ।

**ग. विविध ।**

## ५. उपस्थिति

### ५.१ संचालकहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री शेखर गोल्छा | अध्यक्ष |
| २. | श्री अमित मोर | संचालक |
| ३. | श्री शाहिल अग्रवाल | संचालक |
| ४. | श्री सुभाष कुमार झुनझुनवाला | स्वतन्त्र संचालक |

### ५.२ अन्य पदाधिकारीहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १. | श्री उपासना पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री मुकेश कुमार कपूर | नायव प्रमुख कार्यकारी अधिकृत |

Himalayan Reinsurance Limited

३. श्री मनिष कुमार — कार्यकारी निर्देशक
४. श्री शिशिर गैह्रे — कार्यकारी निर्देशक
५. श्री सिताराम वाग्ले — प्रमुख वित्त अधिकृत

**५.३ कम्पनी सचिव**

१. श्री दीपक कुमार श्रेष्ठ — कम्पनी सचिव

**५.४ शेयरधनीहरुको उपस्थिति**

| | |
|---|---|
| स्वयं उपस्थित संख्या | १,३१८ |
| प्रतिनिधि (प्रोक्सी) मार्फत | २२ |
| **जम्मा** | **१,३४०** |

**६. सभाको गणपुरक संख्या**

| विवरण | कूल संख्या | स्वयं उपस्थित संख्या | प्रतिनिधि मार्फत | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | १,१३६,०९१ | १,३१८ | २२ | १,३४० | ०.१२ |
| शेयर संख्या | १००,०००,००० | ५४,२९०,४२३ | ५,५४३,००० | ५९,८३३,४२३ | ५९.८३ |

**७. साधारण सभाको वैधानिकता**

साधारण सभाको कार्यवाही शुरु हुनु अघि कम्पनी सचिव श्री दीपक कुमार श्रेष्ठज्यूले उपस्थित शेयरधनी महानुभावहरु तथा विभिन्न निकायबाट पाल्नु भएका प्रतिनिधिहरुलाई स्वागत गर्नु हुँदै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको नियमावली बमोजिम यो सभा संचालन गर्न आवश्यक गणपूरक संख्या पुग्न गई कानून अनुसार सभाको वैधानिकता कायम भएको घोषणा गर्नुभयो ।

**८. साधारण सभाको सभापतित्व र सभा संचालन**

कम्पनी ऐनको दफा ६९ बमोजिम सभाको वैधानिकता एकिन भएपछि कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम कम्पनी सचिवज्यूले सञ्चालक समितिका अध्यक्ष श्री शेखर गोल्छाज्यूलाई सभाको अध्यक्षताका लागि आसन ग्रहण गर्न अनुरोध गर्नुभयो र अध्यक्षज्यूको आसन ग्रहण पश्चात अन्य सञ्चालकज्यूहरु तथा प्रमुख कार्यकारी अधिकृतले पनि क्रमश: आसन ग्रहण गर्नुभयो । तत्पश्चात् सभाका अध्यक्षज्यूबाट कम्पनी सचिवलाई सभा संचालन तथा सभाको काम कारवाही अगाडी बढाउनकालागि अनुमति प्रदान गर्नुभयो । सभा संचालनका क्रममा सर्वप्रथम कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री उपासना पौडेलज्यूले शेयरधनी महानुभावहरु तथा उपस्थित अन्य सबै आमन्त्रित अतिथि तथा पर्यवेक्षकहरुलाई स्वागत अभिवादन गर्दै कम्पनीले स्थापनाको छोटो समयमा नै हासिल गर्न सफल भएको प्रगतिका बारेमा सभालाई संक्षिप्त जानकारी गराउनुभयो ।

Himalayan Reinsurance Limited

## ९. कम्पनीको तेश्रो वार्षिक साधारणसभाका पूर्व निर्धारित प्रस्तावहरुको प्रस्तुती

कम्पनीको तेश्रो वार्षिक साधारण सभाका लागि पूर्व निर्धारित प्रस्तावहरुको प्रस्तुतको क्रममा सर्वप्रथम सभाका अध्यक्ष श्री शेखर गोल्छाज्यूले सामान्य प्रस्ताव नं १ मा रहेको आ. व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभा समक्ष वाचन गर्नुभयो र सामान्य प्रस्ताव नं. (२) अन्तर्गतको लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात तथा नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण समेत संक्षिप्त रुपमा साधारण सभामा प्रस्तुत गर्नुभयो ।

## १०. छलफलको लागि आह्वान :

१०.१ अध्यक्षद्वारा प्रस्तुत आ. व. २०७९/८० को संचालक समितिको तेश्रो वार्षिक प्रतिवेदन तथा लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरणहरु प्रस्तुत गरे पश्चात कम्पनी सचिवज्यूले उक्त प्रतिवेदन वा वित्तीय विवरणहरु उपर आफ्ना जिज्ञासा, राय सुझाव तथा प्रतिक्रिया भएमा सभा समक्ष प्रस्तुत गर्न शेयरधनी महानुभाहरुलाई आह्वान गर्नुभयो ।

१०.२ शेयरधनी महानुभावहरु मध्येबाट श्री उत्तम दत्त पाण्डे, श्री कुवेर श्रेष्ठ, श्री लवराज जोशी, श्री भक्ती प्रसाद उप्रेती, श्री शत्रुघन श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री प्रेम राज भट्ट, श्री वैजुनाथ रौनियार, श्री रोज कुमार श्रेष्ठ, श्री गुणराज भट्ट, श्री व्यास कुमार श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री सुदीप श्रेष्ठ, श्री लक्ष्मी प्रकाश सैँजू, श्री ध्रुव राज न्यौपाने, श्री नरसिंह लाल चःखुं, श्री कृष्ण प्रसाद अधिकारी, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री डमरु वल्लभ घिमिरे र श्री उत्तम पाठकले सभा समक्ष निम्नानुसारको आ-आफ्नो जिज्ञासा, प्रतिक्रिया, मन्तव्य, राय तथा सुझावहरु व्यक्त गुर्नुभयो ।

यसका अतिरिक्त शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठज्यूबाट प्राप्त लिखित सुझावहरुलाई समेत बुँदा नं. ११ मा समावेश गरिएको छ ।

## ११. शेयरधनीहरुबाट सभामा प्रस्तुत भएका राय सुझाव एवं प्रश्नहरु:

- हालसम्म ३१ वटा देशमा व्यवसाय विस्तार गरेकोमा अन्य देशहरुमा समेत व्यवसाय विस्तार गर्न सुझाव व्यक्त ।
- सर्वसाधारणमा शेयर निष्काशन गरेको ३ (तीन) महिनामा नै ४ (चार) प्रतिशत बोनस शेयर तथा ८० प्रतिशत हकप्रद शेयर जारी गर्न सफल भएकोमा कम्पनीको सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापन समूहलाई धन्यवाद व्यक्त ।
- अर्को वर्ष १० प्रतिशतका दरले बोनस शेयर वा लाभांश वितरण गर्नु हुने भन्ने आशा व्यक्त ।
- विग्रदो आर्थिक अवस्थाका बाबजुत निजी क्षेत्रबाट सञ्चालित पुनर्बीमा कम्पनीले स्थापनाको छोटो समयमा नै AM Best Rating Agency बाट B+ रेटिङ प्राप्त गरेकोमा धन्यवाद व्यक्त ।
- यस वर्षको वार्षिक प्रतिवेदनमा आ. व. २०८०/८१ को भावी योजना नराखिएकोमा आगामी वर्षदेखि वार्षिक प्रतिवेदनमा भावी योजनाहरु उल्लेख गर्न सुझाव व्यक्त ।
- वार्षिक प्रतिवेदनमा समीक्षा वर्षमा रु. १९,९६३,५५५/- बराबरको सम्पत्ति खरीद गरेको सन्दर्भमा प्रष्ट पार्न अनुरोध व्यक्त ।
- विशेष प्रस्ताव अन्तर्गत कम्पनीबाट आर्थिक वर्ष २०७९/०८० मा सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरिएको चन्दा तथा विभिन्न खर्च रकमको अनुमोदन गर्ने प्रस्ताव राखिएको र उक्त खर्चको रकम वार्षिक प्रतिवेदनमा उल्लेख नगरिएकोले सो सन्दर्भमा प्रष्ट पार्न अनुरोध व्यक्त ।

Himalayan Reinsurance Limited

- कम्पनीको उन्नती तथा प्रगति भएमा र Profitability को हिसाबमा अगाडि बढ्दै गएमा शेयरधनीले उचित लाभांश प्राप्त गर्ने भएकोले कम्पनीको लागि राम्रो नीति नियम तयार गरेर पुनर्बीमा व्यवसायमा विश्वसनियता कायम गर्न आग्रह व्यक्त ।
- कम्पनीको आम्दानी उल्लेख्य वृद्धि भए तापनि कम्पनी किफायति खर्चमा चलेको र फजुल खर्च नभएको प्रति आभार व्यक्त ।
- कम्पनीले भारतको बीमा क्षेत्रको नियामकीय निकाय IRDAI बाट FRN Number प्राप्त गरेकोले भारत जस्तो ठूलो बीमा बजारबाट व्यवसाय गर्न मार्ग प्रशस्त भएकोमा धन्यवाद व्यक्त । यसले गर्दा कम्पनीले Taking Nepal to the World भनेर देखेको सुन्दर सपना साकार गर्न मद्दत पुग्नेमा आशा व्यक्त ।
- कम्पनीले Loss of Property को बीमा गरेकोमा Loss of Income को पनि बीमा गर्न सकिन्छ कि सो सम्बन्धमा बीमा कम्पनीहरुसँग छलफल गरी सम्भावना पहिल्यान सुझाव व्यक्त ।
- यस वर्ष IPO को कारणले साधारणसभा गर्न ढिलाई भएकोमा आगामी वर्षदेखि समयमा नै वार्षिक साधारणसभा गर्न पहल गर्न अनुरोध व्यक्त ।
- बोनस शेयर तथा हकप्रद शेयर जारी गरे पश्चात कायम हुने चुक्ता पूँजीको कम्तिमा पनि १० प्रतिशत बोनस शेयर जारी गरी आगामी वर्ष भित्रमा नै रु. २० अर्ब चुक्ता पूँजी पुऱ्याउनेछ भन्ने आशा व्यक्त ।
- कम्पनीले स्तरीय पुनर्बीमा सेवा प्रदान गर्दै राष्ट्को अर्थतन्त्रमा योगदान पुऱ्याउने र प्राप्त उपलब्धिलाई स्थायित्व प्रदान गर्दै आफ्ना लगानीकर्ताहरुलाई उच्चतम प्रतिफल दिने अपेक्षा व्यक्त ।
- पुनर्बीमा व्यवसाय आफैमा जोखिम वहन गर्ने व्यवसाय भएको हुँदा कम्पनीले जोखिमहरुको उचित र सहज व्यवस्थापन तथा जोखिम प्रभावहरुलाई न्यूनिकरण गर्न निश्चित रणनीतिक तथा कार्ययोजनाका साथ अगाडि बढ्दै कम्पनीलाई सदा सर्वदा प्रगतितिर लैजानु हुन्छ भन्ने अपेक्षा व्यक्त ।
- कम्पनीलाई छोटो अवधिका लागि भन्दा पनि Sustainable Way मा सञ्चालन गरी दिर्घकालीन समयसम्म टिकिराख्न आग्रह व्यक्त ।
- कम्पनीले कुन-कुन बीमा कम्पनीलाई पुनर्बीमा सेवा प्रदान गरेको छ र कुन-कुन देशबाट पुनर्बीमा व्यवसाय प्राप्त गरेको छ सोको सूची वार्षिक प्रतिवेदनमा समावेश गर्न सुझाव व्यक्त ।
- कम्पनीको अधिकांश लगानी "क" वर्गको वाणिज्य बैंकको मुद्दति निक्षेपमा रहेकोमा यदि कुनै लगानी राष्ट्र बैंकबाट समस्याग्रस्त भनी घोषणा भएको बैंकमा छ भनै त्यस्तो निक्षेपलाई तुरुन्त अर्को बैंकमा सार्न सुझाव व्यक्त ।
- वार्षिक प्रतिवेदनमा धेरै फोटो छापिएको भए तापनि शेयरधनीको एउटा पनि फोटो नभएकोले आगामी वर्षको वार्षिक प्रतिवेदनमा शेयरधनी सहितको फोटोहरु समावेश गर्न सुझाव व्यक्त ।
- वार्षिक प्रतिवेदनमा लेखापरीक्षकको प्रतिवेदन नेपाली भाषामा समेत समावेश गर्न सुझाव व्यक्त ।
- साधारणसभामा रु. ८ अर्ब ३२ करोड बराबरको हकप्रद शेयर जारी गर्ने विशेष प्रस्ताव रहेकोले सो हकप्रद शेयर कहिले जारी गर्ने हो सो जानकारी गराउन अनुरोध व्यक्त ।
- नेपाल बीमा प्राधिकरणबाट १२ वटा लगानीका क्षेत्र तोकिएको भए तापनि कम्पनीले ४ वटा क्षेत्रमा मात्र लगानी गरेकोमा आगामी दिनमा लगानी विविधिकरणका लागि कम्पनीको भविष्यको योजना बारे प्रकाश पार्न अनुरोध व्यक्त ।
- SAARC राष्ट्रहरुबाट पुनर्बीमा व्यवसाय ल्याउनको लागि प्रयत्न गर्न सुझाव व्यक्त ।
- जालसाजीपूर्ण दावी हो कि वास्तविक दावी हो सो पहिल्यान सुझाव व्यक्त ।

Himalayan Reinsurance Limited

- वार्षिक प्रतिवेदनमा प्रस्तुत Graph हरुमा CAGR (Compound Annual Growth Rate) राखिदिनु हुन सुझाव व्यक्त ।
- Risk Based Magnagement को अवधारणा ग्रहण गर्न सुझाव व्यक्त ।
- संस्थागत सामाजिक उत्तरदायित्व कोषलाई के-कस्तो कार्यमा खर्च गर्ने हो सो बारे जानकारी र सकेसम्म निर्धन तथा अशक्तको लागि खर्च होस् भन्ने सुझाव व्यक्त ।
- समय सापेक्ष कम्पनीको खर्च बढ्नु स्वभाविक रहेको तथापि खर्चको हकमा मितव्ययिता अनपनाएर अगाडि बढ्न सुझाव व्यक्त ।
- कम्पनीको प्रमुख कार्यकारी अधिकृतलाई भुक्तानी गरिएको रु. ५३,३४२,६२६/६७ बराबरको तलब तथा भत्ता बारे प्रष्ट पारिदिन अनुरोध व्यक्त ।

१२. **शेयरधनीहरुको जिज्ञासा तथा राय सुझावका सम्बन्धमा सभाका अध्यक्ष तथा प्रमखु कार्यकारी अधिकृतज्यूबाट संयुक्त रुपमा सभा समक्ष व्यक्त प्रतिउत्तर निम्नानुसार रहेको छ :**

- कम्पनीले जुन Taking Nepal to The World भन्ने नारा बोकेको छ त्यसमा केही तथ्यहरु पनि छन् र त्यस नारा अनुरुप कार्यहरु भइरहेका छन् ।
- संचालक समितिको प्रतिवेदनमा उल्लेख भए अनुरुप यस कम्पनीले AM Best रेटिङ एजेन्सीबाट जुन B+ रेटिङ पाएको छ त्यो कुनै पनि नेपाली कम्पनीको लागि गौरवको विषय हो र सो रेटिङ पाएपछि कम्पनीले राम्रा राम्रा जोखिमहरुलाई Underwrite गर्ने क्षमता भएको र भारतको नियामक निकाय IRDAI बाट FRN प्राप्त गरेसँगै भारतबाट समेत राम्रा राम्रा जोखिमहरुलाई Underwrite गर्ने क्षमता वृद्धि भएको छ ।
- साधारणसभामा उठेका धैरेजसो सुझावहरुलाई कम्पनीले सकारात्मक र मार्गदर्शनको रुपमा लिनेछ ।
- नेपाल सरकार वा अन्य नियामक निकायद्वारा जुन नियम कानूनहरु बनाइएको छ सो नियम कानूनहरुको हरेक दफा तथा नियमको पालना गर्न कम्पनी पूर्ण रुपमा प्रतिवद्ध रहेको र नियमनको दृष्टिकोणले यस कम्पनी नेपालको एक उच्चस्तरीय कम्पनी होस् भन्ने चाहना रहेको छ । यसका साथै हालसम्म बीमा क्षेत्रको नियामकीय निकाय नेपाल बीमा प्राधिकरणबाट जे-जति निर्देशन आएका छन् कम्पनीले ति सबै निर्देशनहरुको पालना गर्दै आएको छ ।
- यस कम्पनीलाई विश्वास गरी लगानी गर्ने जति पनि लगानीकर्ताहरु छन् ती लगानीकर्ताहरुलाई उच्चतम प्रतिफल दिने र बजार पूँजीकरणको दृष्टिकोणले यस कम्पनीलाई कसरी नेपालको नं १ कम्पनी बनाउन सकिन्छ त्यसतर्फ प्रतिवद्ध रहेको छ ।
- संचालक समितिको अध्यक्ष तथा संचालकले हालसम्म कुनैपनि बैठक भत्ता नलिएको र कम्पनीलाई अत्यन्त पारदर्शी तवरले अगाडि बढाईएको छ ।
- कम्पनीबाट आर्थिक वर्ष २०७९/०८० मा सामाजिक उत्तरदायित्व अन्तर्गत प्रदान गरिएको चन्दा तथा विभिन्न खर्च रकमको विवरण प्रतिवेदनको बुँदा नं. ५९ मा प्रस्तुत गरिएको छ ।
- संस्थागत सामाजिक उत्तरदायित्व कोषको उपयोग कम्पनीले सतर्क भई गर्ने र सो कोषबाट निम्न वर्गका समुदायलाई सहयोग, महिला सशक्तिकरण तथा युवा वर्गलाई अगाडि बढाउन वा शिक्षामा उपयोग गर्न सकिन्छ भन्ने विषयहरु ध्यानमा राखी रणनीतिक योजना बनाई खर्च गर्ने गरिएको छ । यसका साथै कम्पनीले कोषको उपयोग भुकम्प पीडितहरुलाई राहत वितरण गर्ने कार्यमा समेत खर्च गरेको र सो आगामी वर्षको प्रतिवेदनमा उल्लेख गरिने छ ।

Himalayan Reinsurance Limited

- समीक्षा वर्षमा कम्पनीले खरीद गरेको सम्पत्तिको विवरण संचालक समितिको प्रतिवेदनको बुँदा नं. २३ मा उल्लेख गरिएको छ ।
- Loss of Income को बीमाको हकमा नेपालको परिप्रेक्षमा के-कसरी गर्न सकिन्छ भन्ने तर्फ आवश्यक अध्ययन गरिने तथा नियामक निकायसंग समेत समन्वय गरिनेछ । तर त्यस प्रकारको बीमामा जोखिम भएकोले लगानीकर्ताको लगानीको सुनिश्चितताताई समेत ध्यानमा राखी अगाडि बढिनेछ ।
- कम्पनीको उद्देश्य छोटो समयको लागि नभई Long Term सम्म टिकी रहने (Going Concern) भएको हुँदा जोखिम व्यवस्थापनको लागि कार्यकारी निर्देशकको संयोजकत्वमा कमिटी गठन गरी कार्य गरिरहेको र सो कमिटिले दावी जालसाजीपूर्ण हो होइन भनी एकिन गर्ने गरेर मात्र प्रक्रिया अगाडी बढाउने गरिएको छ ।
- GIS Platform लाई कम्पनीले जोखिम व्यवस्थापनको विकल्पको रुपमा नभई जोखिम बारे आधारभूत अध्ययन गर्ने प्राथमिक माध्यमको रुपमा मात्र प्रयोग गरेको छ । जसको कारणले छिटो छरितो तवरमा बीमा कम्पनीलाई पुनर्बीमा सेवा प्रदान गर्न सकियोस् भन्ने कम्पनीको लक्ष्य रहेको छ ।
- नियामक निकाय एवं लेखा परीक्षकसंग छलफल गरी वार्षिक प्रतिवेदनमा लेखापरीक्षकको प्रतिवेदन सबै शेयरधनीले बुझ्ने गरी नेपाली भाषामा समेत राख्ने प्रयास गरिनेछ र प्रस्तुत ग्राफहरुलाई CAGR (Compound Annual Growth Rate) मा समेत प्रस्तुत गरिनेछ ।
- आगामी आर्थिक वर्षदेखि कम्पनीको साधारणसभा पौष मसान्तभित्रमा नै सम्पन्न गरिने छ ।

### १३. साधारण सभाको निर्णयहरु

अध्यक्षज्यूबाट प्रस्तुत सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा लेखा परीक्षक सहितको वित्तीय विवरणहरुको प्रस्तुती र सो उपर शेयरधनी महानुभावहरुबाट सोधिएका जिज्ञासा तथा व्यक्त राय सुझावका सम्बन्धमा सभाका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतज्यूबाट जवाफ दिए पश्चात कम्पनी सचिवले उक्त प्रस्तावहरुका साथै अन्य सामान्य तथा विशेष प्रस्तावहरु समेत पारीत, अनुमोदन तथा स्वीकृतिकालागि क्रमशः सभामा पेश गर्नुभयो र सभाबाट देहाय बमोजिम पारित, अनुमोदन तथा स्वीकृति गर्ने निर्णय भयो ।

**क) सामान्य प्रस्ताव तर्फ**

१. संचालक समितिका अध्यक्षज्यूद्वारा सभामा प्रस्तुत भएको आ. व. २०७९/०८० को संचालक समितिको तेश्रो वार्षिक प्रतिवेदन उपर छलफल भई सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

२. आ. व. २०७९/०८० को लेखा परीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरु सहितको वित्तीय विवरणहरु उपर सभामा छलफल भई सभाबाट सर्वसम्मत रुपमा पारित गर्ने निर्णय भयो ।

३. लेखा परीक्षण समितिको सिफारिश बमोजिम आ. व. २०८०/०८१ को यस कम्पनीको लेखापरीक्षण गर्ने कार्यको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धी प्रस्ताव सभामा पेश भएकोमा सभाबाट लेखापरीक्षण समितिको सिफारिश बमोजिम नै श्री बी.आर.एस. न्यौपाने एण्ड कम्पनीलाई यस कम्पनीको आ. व. २०८०/०८१ को वैधानिक लेखा परीक्षण, कर लेखा परीक्षण तथा कम्पनी ऐन बमोजिम प्रमाणित गर्नुपर्ने कार्यकालागि समेत मू.अ.कर बाहेक रु. १०,५०,०००/- (अक्षरेपी दश लाख पचास हजार रुपैयाँ मात्र) पारिश्रमिक प्रदान गर्ने गरी लेखा परीक्षकमा नियुक्त गर्ने निर्णय भयो ।

Himalayan Reinsurance Limited

४. सञ्चालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्बको ०.२१ (निकटतम २ अंक) प्रतिशतका दरले हुन आउने रु. २,१०,५२,६३१/५८ बराबरको नगद लाभांश (बोनस शेयरको कर प्रयोजनकालागि) वितरण गर्ने प्रस्ताव सभामा पेश भएकोमा सभाबाट सर्वसम्मत स्वीकृत गर्ने निर्णय भयो ।

५. सञ्चालक समितिमा संस्थापक समूहका शेयरधनीतर्फको रिक्त रहेको संचालक पदसंख्या १ (एक) मा बाँकी कार्यकालको लागि तथा सर्वसाधारण शेयरधनी समूह मध्येबाट ४ (चार) वर्षका लागि सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालकको निर्वाचन गर्ने सम्बन्धमा निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता श्री शैलनाथ गौतमज्यूले निम्न सञ्चालकहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।

**संस्थापक समूह "क"**

| क्र.स. | नाम, थर | वतन |
|---|---|---|
| १. | श्री रोहित गुप्ता<br>(प्रतिनिधि, टेली डिरेक्ट प्रा.लि.) | का.म.पा. ११, त्रिपुरेश्वर, काठमाडौँ । |

**संस्थापक समूह "ख"**

| क्र.स. | नाम, थर | वतन |
|---|---|---|
| १. | श्री राजीव मोर | का.म.पा. १०, काठमाडौँ । |
| २. | श्री शुभेच्छा खरेल | का.म.पा. ३१, काठमाडौँ । |

**ख) विशेष प्रस्तावतर्फ**

१. संचालक समितिबाट प्रस्ताव भए बमोजिम हाल कायम रहेको चुक्ता पूँजी रु. १० अर्वको ४ (चार) प्रतिशतका दरले हुन आउने रु. ४०,००,००,०००/०० बराबरको बोनस शेयर वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

२. बोनस शेयर वितरण गरे पश्चात कायम हुने चुक्ता पूँजी रु. १० अर्व ४० करोडको १०:८ अर्थात १० शेयर बराबर ८ शेयरको अनुपातमा रु. ८ अर्व ३२ करोड बराबरको हकप्रद शेयर जारी गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

३. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी वृद्धि गर्ने र सोही बमोजिम प्रवन्धपत्रको सम्बन्धित दफामा संशोधन गर्ने प्रस्ताव सभामा पेश भएकोमा सभाबाट देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

**प्रवन्धपत्रमा संशोधनको विवरण :**

**दफा ६ (१)** कम्पनीको अधिकृत पूँजी रकम रु. ५०,००,००,००,०००/- (पचास अर्ब) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००/- दरको ५०,००,००,०००/- (पचास करोड) थान शेयरमा विभाजन गरिनेछ ।

**दफा ६ (२)** कम्पनीको जारी पूँजी रु. १८,७२,००,००,०००/- (अठार अर्ब बहत्तर करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरको १८,७२,००,००० (अठार करोड बहत्तर लाख) थान शेयरमा विभाजन गरिनेछ ।

Himalayan Reinsurance Limited

**दफा ६(३)** कम्पनीको चुक्ता पूँजी रु. १८,७२,००,००,०००/- (अठार अर्ब बहत्तर करोड) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरको १८,७२,००,००० (अठार करोड बहत्तर लाख) थान शेयरमा विभाजन गरिनेछ ।

४. कम्पनीले हकप्रद शेयर जारी गर्ने प्रस्ताव गरे बमोजिम शेयरधनीहरुले आफ्नो हक वापतको हकप्रद शेयरलाई सोही समूहका अन्य व्यक्ति, संस्था वा शेयरधनीलाई हक हस्तान्तरण समेत गर्न पाउने व्यवस्था गर्न उपयुक्त भएकाले सो सम्बन्धी व्यवस्था समेत प्रवन्धपत्रमा थप गर्न आवश्यक भएको तथा कम्पनीको नियमावलीको नियम २७ (२) मा समेत कम्पनी ऐन, २०६३ ले गरेको व्यवस्था अनुरुप एकरुपता कायम हुने गरी संचालक समितिमा महिला सञ्चालक समेतको व्यवस्था गर्न आवश्यक भएकोले देहाय बमोजिम प्रवन्धपत्र तथा नियमावलीका सम्बन्धित दफा तथा नियमहरुमा संशोधन तथा थप गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।

**प्रवन्धपत्रमा थप सम्बन्धी विवरण**

**दफा ८(१)(च)** कुनै पनि शेयरधनीले आफ्नो हक वापतको हकप्रद शेयरलाई सोही समूह अन्तर्गतका अन्य व्यक्ति, संस्था वा शेयरधनीलाई प्रचलित धितोपत्र सम्बन्धी कानूनको अधिनमा रही हक हस्तान्तरण (रिनाउन्स) गर्न सक्नेछ ।

**नियमावलीमा संशोधन सम्बन्धी विवरण**

**नियम २७(२)** यस कम्पनीमा एकजना महिला सञ्चालक सहित देहाय बमोजिमका ७ जना सञ्चालक सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| (क) संस्थापक शेयरधनी समूहबाट मनोनित वा निर्वाचित | - ४ (चार) जना |
| (ख) स्वतन्त्र विशेषज्ञ सञ्चालक | - १ (एक) जना |
| (ग) सर्वसाधारण समूहबाट निर्वाचित | - २ (दुई) जना |

५. कम्पनीबाट आर्थिक वर्ष २०७९/०८० मा सामाजिक उत्तरदायित्व अन्तर्गत सर्लाही जिल्लाका गरिब तथा निम्न वर्गका समुदायलाई जाडो मौसममा चिसोबाट जोगिन कम्बल तथा लत्ता कपडाहरु बाड्ने प्रयोजनार्थ रु. ७५०,८८५/- बराबरको सामाजिक उत्तरदायित्व कोषबाट गरिएको खर्च अनुमोदन गर्ने प्रस्तावलाई सभाबाट सर्वसम्मत अनुमोदन गर्ने निर्णय भयो ।

६. प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र सो कार्य गर्न संचालक समितिलाई आवश्यक सम्पूर्ण अधिकार प्रत्यायोजन गर्ने र संशोधित प्रबन्धपत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायबाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी दिने सभाबाट निर्णय भयो ।

**ग) विविध**

१. विविध शीर्षक अन्तर्गत कुनैपनि विषय नरहेको व्यहोरा कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

Himalayan Reinsurance Limited

### १४. धन्यवाद ज्ञापन

अध्यक्षज्यूले सभामा उपस्थित भई कम्पनीको तेश्रो वार्षिक साधारण सभा सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, उपस्थित विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु तथा कर्मचारीहरु तथा उपस्थित अन्य सम्पूर्णलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै सभा समापन भएको घोषणा गर्नुभयो ।

दीपक कुमार श्रेष्ठ
कम्पनी सचिव

Himalayan Reinsurance Limited

शेखर गोल्छा
अध्यक्ष

मितिः २०८०/११/२०